प्रदेशसरकार
**सामाजिकविकासमन्त्रालय**
बागमतीप्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

**नोभल कोरोना भाइरस (कोभिड-१९) सम्बन्धि दैनिक प्रतिवेदन**

मितिः २०७७/०६/०९
(बेलुका ५:००बजे)

## ❖ मुख्य-मुख्य क्रियाकलापहरुः

- **संक्रमितको खोजी र फलो-अप कार्यः**

  हाल बागमती प्रदेशमा संक्रमितको खोजी र फलो-अपको लागि १७८ वटा टोलीले कार्य गरिरहेको छ । प्रत्येक टोलीमा ३ जना तालिमप्राप्त स्वास्थ्यकर्मीहरु रहेका छन्, जसअनुसार काठमाण्डौमा ३२, काभ्रेपलान्चोकमा १९, धादिङमा १६, चितवनमा १५, सिन्धुपाल्चोकमा १४, ललितपुरमा १३, मकवानपुरमा १३, नुवाकोटमा १२, दोलखामा ११, सिन्धुलीमा ९, भक्तपुरमा ८, रामेछापमा ८, रसुवामा ५ र प्रदेश निर्देशनालयलमा ३ वटा टोलीले कार्य गरिरहेका छन् ।

- **आइसीयु बेड र भेन्टिलेटर व्यवस्थापनः**

  यस प्रदेशका विभिन्न जिल्लामा हाल ४३५ वटा आइसीयु बेड र १९८ वटा भेन्टिलेटर तयारी अवस्थामा रहेको छ जसअनुसार आइसीयु बेड र भेन्टिलेटरको संख्या क्रमशः काठमाडौंमा १२० र ६०, ललितपुरमा १०२ र ६८, भक्तपुरमा २० र १२, चितवनमा १७६ र ४९, सिन्धुलीमा २ र ३, काभ्रेपलान्चोकमा १५ र ५ तयारी अवस्थामा रहेको छ भने नुवाकोटमा ५ आइसीयु बेड र ३ भेन्टिलेटरहरु संचालन हुने प्रक्रियामा छ ।

- **व्यवहार परिवर्तन संचारः**

  कोभिड-१९ रोकथाम, नियन्त्रण उपचार सम्बन्धमा विभिन्न संचार माध्यमबाट देशभरि व्यवहार परिवर्तन संचार, संक्रमितहरुलाई गरिने भेदभाव न्यूनीकरण उपायबारे संचार र घरमा आइसोलेसन बस्ने मापदण्डको समावेश गरिएको छ ।

## ❖ कोभिड-१९को तुलनात्मक विवरणः

❖ हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब पैतिस प्रतिशत (३५.१९%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढी रहेको छ र मृत्यु हुनेमा अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ । माथिको तथ्यले हालको महामारीमा जेष्ठ नागरिक तथा अन्य जिर्ण रोगको सहरुग्णता भएको व्यक्तिहरुले कोभिड-१९ बाट बच्नको लागि विशेष सावधानी अपनाउनुपर्ने देखिएको छ ।

❖ यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या निको भएका भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो ।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | ७०६१४ (१००%) | २४८५४ (१००%) |
| निको भएको | ५१८६६ (७३.५%) | १३९१६ (५६.०%)* |
| उपचाररत | १८२८९ (२५.९%) | १०७६९ (४३.३%)* |
| मृत्यु भएको | ४५९ (०.६%) | १६९ (०.७%)* |
| श्रोतः | - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०६/०९ | - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०६/०९ |

## ❖ गत २४ घण्टामा जिल्लाअनुसार RT-PCR परिक्षण नतिजाको विवरण र प्रतिकार्य :

यस प्रदेशमा आज काठमाण्डौमा ५०३, ललितपुरमा ९१, चितवनमा ६७, भक्तपुरमा ५६, काभ्रेपलान्चोकमा १९, मकवानपुरमा ९, धादिङमा ४, रामेछापमा ४, नुवाकोटमा ३, सिन्धुपाल्चोकमा ३, सिन्धुलीमा २ र दोलखामा २ गरी जम्मा ७४४ जनामा नयाँ संक्रमण थपिएको छ । सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी, सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुरको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समेत समन्वयमा) कार्य भईरहेको छ ।

## ❖ गत २४ घण्टामा भएको दुखद् निधनको विवरणः

❖ गोदावरी-२, ललितपुर निवासी ५१ वर्षिय पुरुषलाई कोभिड संक्रमण भई भाद्र २३ गते वीर अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज ९ गते विहान ६ बजे निधन भएको छ । उहाँको भाद्र १३ गते कोभिड-१९ पुष्टि भएको थियो । त्यस्तै बालुवाटार, काठमाण्डौ निवासी ७५ वर्षिया महिलालाई कोभिड संक्रमण भई असोज ८ गते त्रि. वि. शिक्षण अस्पतालमा भर्ना गर्ने क्रममा सोहि दिन बेलुका ७:५५ बजे निधन भएको छ । उहाँ दमको समस्याले समेत ग्रसित हुनुहुन्थ्यो । उहाँको असोज ४ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ ।

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरणः

- हालसम्म बागमती प्रदेशमा ८६७५ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरिएकोमा हाल ५६९ जना बसिरहनुभएको छ भने १५३५ जना होम क्वारेन्टाईनमा हुनुहुन्छ । यस प्रदेशमा ३२५८ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ३६५८ जना (होम आइसोलेसन सहित) बसिरहनुभएको छ । आजको मितीसम्मको विवरण अनुसार यस प्रदेशमा ८८०४० जनाको पिसिआर परिक्षण गरिएको छ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | (RT-PCR) परिक्षण सम्बन्धी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका* | जम्मा संकलित स्वाब संख्या | आजको नयाँ संक्रमण | जम्मा पोजेटिभ |
| काठमाण्डौ | १०५० | ११३ | २६७ | १३४७ | २१७४ | २६४६६ | ५०३ | १६२६७# |
| ललितपुर | ३७१ | ३१ | ८० | २८९ | २०८ | २३५७ | ९१ | १९२०# |
| भक्तपुर | १०५ | ६ | १६५ | ३३१ | ८८ | १०७६८९ | ५६ | १७९२# |
| रसुवा | २५५ | ० | ० | ३५ | ० | ९११ | | २० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| नुवाकोट | ९५३ | ६० | ११ | ४० | १८ | ४४०९ | ३ | १५९ |
| धादिङ | ३१५ | १७ | २० | १३७ | ५५ | ३२७८ | ४ | ४२३ |
| चितवन | २४६५ | ७० | ५६९ | ३५५ | ९४३ | १५७७९ | ६७ | १९२३ |
| सिन्धुली | ३९२ | ४१ | ८६ | ४३ | ७ | २८४४ | २ | ११९# |
| मकवानपुर | ४०७ | १८ | ४ | ३०० | १०९ | ९२८४ | ९ | १३०८ |
| रामेछाप | ४९० | ६५ | ४९ | १०३ | १२ | १४७९ | ४ | १५० |
| दोलखा | १९३ | ७ | २२ | ४४ | १ | २११९ | २ | १२८# |
| काभ्रेपलान्चोक | ८९० | ६५ | १५९ | १७८ | ४० | ४४८५ | १९ | ४९५# |
| सिन्धुपाल्चोक | ७८९ | ७६ | १०३ | ५६ | ३ | ३८०० | ३ | १५०# |
| जम्मा | ८६७५ | ५६९ | १५३५ | ३२५८ | ३६५८ | ८८०४० | ७६३ | २४८५४ |

श्रोतः पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख

*होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको

#संक्रमितको संख्या दोहोरिएकोमा सच्याइएको

## ❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण


प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| धुलिखेलस्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ५३९३ | ७६ | ११२ | २०<br>दोलखा-१, कभ्रे-१२, सिन्धुपाल्चोक-१, भक्तपुर-५ | ९२ | |

VBDRTC, हेटौडास्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा प्राप्त भएको नमुना परिक्षण हुने क्रममा छ ।

## ❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंगअनुसारको विवरण यस प्रकार रहेको छः


यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ ।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०६/०९

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको उमेर समुहअनुसारको विवरण यस प्रकार रहेको छः

यस प्रदेशमा २१-५० वर्ष समुहका व्यक्तिहरुमा कोभिड-१९को संक्रमण बढी देखिएको छ । विगतमा भन्दा अहिले ६० वर्षभन्दा बढी उमेरमा पनि संक्रमण बढदै गएको देखिन्छ ।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०६/०९

❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः http://mosd.p3.gov.np/

-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय : https://covid19.mohp.gov.np/#/

-नेपाल सरकार गृह मन्त्रालय : https://covid19.ndrrma.gov.np/

-कोभिड१९ संकट व्यबस्थापन केन्द्रः ccmc.gov.np

-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः http://www.edcd.gov.np/news/covid-19-situation-updates

-विश्व स्वास्थ्य संगठन / नेपालः https://www.who.int/nepal

अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं ।

धन्यवाद !

प्रवक्ता (कोभिड-१९)

डा. पुरुषोतम राज सेढाई